**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - २२**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ असार १७ गते मंगलबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको बाईसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:०० बजे** प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा प्रमुख प्रतिपक्षी दलकी माननीय तारादेवी भट्ट उठ्नुभएपछि सम्माननीय अध्यक्षले उहाँलाई बोल्न समय दिनुभयो ।

माननीय तारादेवी भट्टले कञ्चनपुर जिल्लाको दक्षिणी भेगमा सम्झौता बमोजिम बनाउने भनिएको हुलाकी राजमार्गमा भारतीय पक्षबाट पटकपटक अवरोध भइरहेकोले उक्त समस्याको दीर्घकालीन समाधान खोजिनुपर्ने, कलुवापुर-बेलौरी-वैशाखा सडक खण्ड ठेक्का सम्झौता भइसकेपछि पनि रद्द गरिएको र आगामी वर्षको बजेटमा कटौती गरिएको, त्यसैगरी गत महिना हावाहुरीबाट ठूलो धनजनको क्षति हुँदा समेत सरकारले वास्ता नगरेको, बेलौरी भन्सार नाकाको स्तरोन्नतिको सट्टा कटौती गरिएको, उखु किसानले पाउने रु. पैंसठ्ठी प्रति क्विन्टल अनुदान रकम उपलब्ध नभएको जस्ता विषयमा माननीय मन्त्रीले बेवास्ता गरेको भन्दै पुनर्वास-१०, डोके बजारमा गरिएको शान्तिपूर्ण विरोध प्रदर्शनमाथि सत्तारुढ दलका समर्थकले नेपाली कांग्रेसका कार्यकर्तामाथि हमला गरी घाइते बनाएको घटनाको भर्त्सना गर्दै दोषीलाई कारबाहीको माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७६", "राष्ट्र ऋण उठाउने विधेयक, २०७६" र "ऋण तथा जमानत (तेईसौं संशोधन) विधेयक, २०७६" लाई टेबुल गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि छलफल हुने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि राष्ट्रिय सभा नियमावली, २०७५ (संशोधन सहित) को नियम १३४ बमोजिम खर्च कटौतीको प्रस्ताव गर्नुहुने माननीय बद्रीप्रसाद पाण्डेलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिन समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि खर्च कटौतीको प्रस्ताव गर्नुहुने माननीय मुक्ता कुमारी यादवलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिन समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले निर्धारित विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. सुमनराज प्याकुरेल | २. मा. अनिता देवकोटा | ३. मा. कविता बोगटी |
| ४. मा. कोमल वली | ५. मा. वृषेशचन्द्र लाल | ६. मा. राजकुमार कुँवर |
| ७. मा. खिम कुमार वि.क. | ८. मा. रामपृत पासवान | ९. मा. मीना बुढा |
| १०. मा. बलराम प्रसाद बाँस्कोटा | ११. मा. इन्दु कडरिया | १२. मा. रामनारायण विडारी |
| १३. मा. विन्दादेवी आले राना | १४. मा. प्रमिला कुमारी | १५. मा. हरिराम चौधरी |
| १६. मा. कमला कुमारी ओली | १७. मा. ठगेन्द्र प्रकाश पुरी | १८. मा. नन्दा चपाई |

१९. मा. विना पोखरेल २०. मा. रामलखन चमार २१. मा. उदया शर्मा पौडेल

२२. मा. सरिता प्रसाईं २३. मा. अगम प्रसाद बान्तवा राई

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आगामी बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय र गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि छलफल हुने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल असार १८ गते बुधबार विहान ११:०० बजे** बस्ने गरी दिनको **२:४५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव